राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

वर्ष ६ अंक ३०४ २०८२ असार १६ गते सोमवार (30 June 2025) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## जलवायु परिवर्तनको असर मधेशमा तीव्र, राज्यको उदासीनताप्रति चिन्ता

दैनिक समाचारदाता

जनकपुरधाम, १५ असार । जलवायु परिवर्तनका कारण तराई(मधेश क्षेत्रमा वातावरणीय संकट गम्भीर बन्दै गएको छ । राजधानी काठमाडौंपछि सबैभन्दा बढी प्रदूषण मधेशमै देखिएको एक कार्यक्रमका वक्ताहरूले जनाएका छन् ।

जनकपुरधाममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा आइतवार आयोजित "वातावरण परिवर्तनको प्रभावसम्बन्धी" छलफल कार्यक्रममा प्रदेशभरिका मानव अधिकारकर्मी, सरोकारवाला निकायका प्रतिनिधि तथा विज्ञहरूले वातावरणीय समस्यालाई लिएर तीनवटै तहका सरकार गम्भीर नभएको भन्दै चिन्ता व्यक्त गरे।



कार्यक्रममा सहभागीहरूले जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न संघीय, प्रदेश तथा स्थानीय सरकारले तत्काल बजेट विनियोजन गर्नुपर्नेमा जोड दिए । उनीहरूका अनुसार वातावरणीय न्याय सुनिश्चित गर्न राज्यले जिम्मेवारीपूर्वक काम गर्न आवश्यक छ ।

इन्सेक मधेश प्रदेश संयोजक राजु पासमानको अध्यक्षतामा सम्पन्न उक्त छलफल कार्यक्रममा आठै जिल्लाका सहभागीहरूले वातावरणीय संरक्षण र नीति निर्माणमा वैज्ञानिक अनुसन्धानको आधारमा कार्यक्रम ल्याउन आग्रह गरे ।

छलफलमा दिवाकर उप्रेतीले बदलिंदो वातावरण र त्यसका असरहरूबारे डिजिटल प्रस्तुति दिँदै प्रदूषण नियन्त्रणका उपाय, नागरिक समाज तथा राजनीतिक दलको भूमिका र मानव अधिकारकर्मीको जिम्मेवारीबारे प्रकाश पारे । उनले भने, "यदि वातावरण प्रदूषणलाई रोक्न सकिएन भने भविष्यमा मानव अस्तित्वमाथि नै संकट आउन सक्छ ।"

उनले जलवायु परिवर्तनको असरबारे केही तथ्यांहरु समेत प्रस्तुतिकरणमा देखाए । घटनाको आधारमा राज्य र समाज गम्भीर हुन आवश्यक रहेको समेत औंल्यए ।

वक्ताहरूले वातावरणीय समस्याका रूपमा बाढी, सुख्खा, असमयको वर्षा, अत्यधिक गर्मी, पानीको अभाव, र कृषिमा गिरावट जस्ता चुनौतीहरू दिनानुदिन बढिरहेको बताए। यस्ता समस्याको समाधानका लागि राज्य गम्भीर, समन्वयात्मक र दीर्घकालीन नीति लिएर अगाडि बढ्नुपर्नेमा उनीहरूको जोड छ।

कार्यक्रममा सहभागीहरूले वातावरणीय अनुसन्धानको अभाव, केही क्षेत्रमा कामै नहुनु, कतै कमजोर प्रयास हुनु, र युवामा चेतना नहुनु जस्ता समस्याहरू औंल्याउँदै वातावरणीय परिवर्तन नियन्त्रणमा सबै तहका सरकार गम्भीर हुनुपर्ने सन्देश दिएका थिए

## सीमा सम्बन्धी गहिरो सांस्कृतिक र सामाजिक पक्षमा जोड

दैनिक समाचारदाता

जनकपुरधाम १५ असार । नेपाल-भारत खुला सिमा संवाद समूह, रुपन्देहीको आयोजनामा "खुला सिमाः परम्परा, परस्पर निर्भरता र वर्तमान अवस्था" विषयक जनसंवाद कार्यक्रम भैरहवामा सम्पन्न भएको छ।

सहज बनाएको चर्चा गर्दै सीमा क्षेत्रका नागरिकका लागि शिक्षा, स्वास्थ्य, पूर्वाधार र व्यवसायमा विशेष प्राथमिकता दिन सरकारहरू जिम्मेवार बन्नुपर्नेमा जोड दिए ।

पूर्वमन्त्री तथा संविधानसभा सदस्य ओमप्रकाश गुलजारीले



कार्यक्रममा संस्थाका केन्द्रीय अध्यक्ष डा. राजीव झाले कार्यपत्र प्रस्तुत गर्दै नेपाल-भारत खुला सीमा केवल भौगोलिक नभई सांस्कृतिक, पारिवारिक र ऐतिहासिक सम्बन्धको जीवन्त प्रतीक भएको उल्लेख गरे। "भाषा, धर्म, रीतिरिवाज र नातागोता यति गहिरो छन् कि यी सम्बन्ध कृत्रिम रूपमा छुट्याउन सकिँदैन," उनले भने।

डा. झाले खुला सीमाले व्यापार, रोजगारी, स्वास्थ्य सेवा तथा पारिवारिक सम्पर्कलाई नेपाल-भारत सम्बन्धलाई "राम-सीताको सम्बन्ध"को संज्ञा दिँदै, "सम्बन्ध विच्छेद गर्ने प्रयास असफल हुन्छ," भने। उनले सीमापार प्रशासनको प्रयोग गरेर सम्बन्ध बिगार्ने प्रयासप्रति पनि चेतावनी दिए ।

राष्ट्रिय मुक्ति पार्टीका नेता केशव झाले नेपाल-भारत सीमालाई अंग्रेजहरूको कृत्रिम बाँडफाँडको परिणाम बताउँदै, युरोपको जस्तै खुला सीमा व्यवस्थाले समृद्धि ल्याउने

बाँकी पृष्ठ ३मा

## हुलाकी सडकमा धुलो पीडित स्थानीयको चक्काजाम, काममा ढिलाइप्रति आक्रोश

दैनिक समाचारदाता

सर्लाही, १५ असार । सर्लाही सदरमुकाम मलङ्गवामा निर्माणाधीन हुलाकी सडकको धुलोले आजित बनेका स्थानीय बासिन्दाले आइतबार चक्काजाम गर्दै आक्रोश पोखेका छन्।

पूर्व-पश्चिम हुलाकी सडकखण्ड अन्तर्गत टावर चोकदेखि शिक्षा कार्यालयसम्मको भाग लामो समयदेखि कालोपत्रे नहुँदा दैनिक जीवन प्रभावित भएको भन्दै मलङ्गवा नगरपालिका-२ का स्थानीय झाडु र कुचो बोकेर सडकमा उत्रिएका थिए।

"धुलोले गर्दा घरभित्र बस्न सकिँदैन, बालबालिका र वृद्धवृद्धामा दमको समस्या बढिरहेको छ," आन्दोलनमा सहभागी स्थानीय युवा सोहन झाले बताए। उनका अनुसार निर्माण व्यवसायीको लापरवाही र सरकारी बेवास्ताका कारण समस्या दिनप्रतिदिन गम्भीर बन्दै



गएको छ।

हुलाकी सडक कालोपत्रे गर्ने जिम्मा पाएको हिमडुङ एन्ड थोकर-हीरा एन्ड नमिता जेभीले सुस्त गतिमा काम गर्दै आएको भन्दै प्रदर्शनकारीहरूले आक्रोश व्यक्त गरेका छन्।


स्थानीयका अनुसार आन्दोलन गरेपछि केही दिन काम भइरहेका देखिए पनि फेरि अलपत्र पार्ने प्रवृत्ति दोहोरिँदै आएको छ। बारम्बारको आश्वासनपछि पनि काम पूरा नहुँदा नागरिक निराश बनेका छन्।

जिल्ला समन्वय समिति प्रमुख कौशलकिशोर सिंह, हुलाकी सडक आयोजनाका प्रमुख कृष्णकुमार महतोलगायत सरोकारवाला निकायले पटक-पटक अनुगमन गरे पनि प्रभावकारी प्रगति नभएको स्थानीयको गुनासो छ।

हुलाकी सडक आयोजना कार्यालय जनकपुरका इन्जिनियर तथा सूचना अधिकारी रन्जित रायले निर्माण कार्य सुस्त भएको स्वीकार गर्दै भने, "बेस बिछ्याएपछि तत्काल प्राइम

बाँकी पृष्ठ ३मा


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# नाराभन्दा व्यवहारमा किसानसँगै उभिन जरुरी

'राष्ट्रको समृद्धि, किसानको पहिचान-धान हाम्रो शान' भन्ने जोशीला नारा बोकेर हरेक वर्ष मनाइने असार १५ अर्थात् धान दिवस यस वर्ष पनि औपचारिकताका साथ मनाइयो। तर धनुषा र महोत्तरीका किसानको अनुहारमा मुस्कान होइन, चिन्ता र निराशा छाएको छ। असमान वर्षा, सिंचाइको चरम अभाव र सरकारी घोषणाको कार्यान्वयनमा देखिएको कमजोरीले गर्दा यो वर्षको रोपाइँ सिजन अधिकांश खेतमा ओझेलमा परेको छ।

सामान्यतया असार दोस्रो सातासम्म धान रोपाइँ सकिनुपर्ने हो। तर यस वर्ष खेतहरूमा न पानी छ, न मल प्रयोग गर्ने अवस्था। किसानहरू आकाशे पानी कुर्दै थाकिसकेका छन्। कतिपयले जोखिम मोलेर रोपेका बेर्ना अत्यधिक गर्मीले डढेर सखाप भएका छन्। फेरि बेर्ना राख्ने समय बितिसकेको छ, खेतहरू चिरा परेका छन्, गवारो किरा लाग्न थालेको छ। यतिबेला धान दिवसभन्दा बढी "किसान संकट दिवस" मनाउनुपर्ने अवस्था देखिएको छ।

मधेश प्रदेश सरकारले 'खेत(खेतमा पानी' भन्ने नारासहित कृषि बजेट ल्याएको थियो। तर त्यो घोषणा पनि नारामा सीमित भएको किसानहरूको गुनासो स्पष्ट देखिन्छ। धनुषाजस्ता जिल्लामा ६५ हजार हेक्टर सिंचित क्षेत्र रहेर पनि अझै आकाशे पानीमा भर पर्नुपर्ने अवस्था आफैंमा विडम्बना हो। नहरहरू सुखा छन्, पम्पसेट चलाएर पानी तान्नेहरू सफल छैननयो अवस्था वर्ष २०३४ र २०५० सालको भयानक सुख्खा संकटभन्दा गम्भीर हुन सक्ने चिन्ता किसानहरू गर्दै छन्।

अर्कोतर्फ, कृषि सामग्री कम्पनी लिमिटेडले मलको आपूर्ति पर्याप्त रहेको दाबी गरेको छ। गोदाममा हजारौं मेट्रिक टन मल मौज्दात छ, सहकारीमार्फत वितरण पनि भइरहेको छ। तर जब खेतमै पानी छैन, तब मलको उपयोग कसरी सम्भव हुन्छ ? यथार्थमा सिंचाइको अभावले गर्दा किसानहरू मल प्रयोग गर्ने नसक्ने अवस्थामा पुगेका छन्।

प्रश्न उठ्छ(धान दिवसको उद्देश्य के केवल औपचारिक कार्यक्रम र झलकिला नारामा सिमित रहन्छ? यदि साँच्चिकै धानलाई राष्ट्रको शान बनाउनु हो भने किसानलाई व्यवहारिक रूपमा सघाउनु आवश्यक छ। खेतीको समयमा सिंचाइको सुनिश्चिता, मलको पहुँच, कीटनाशकका उपाय र बजार मूल्यको ग्यारेन्टी नदिइकन कृषि विकासको कल्पना पनि असम्भवजस्तै हुन्छ।

राजनीतिक भाषण र संचारमाध्यममा बज्ने नाराभन्दा अब जनताका खेतसम्म पुग्ने ठोस नीति र कार्यक्रम आवश्यक छ। कृषकको पिठ्यूँमा पसिना नझरी कुनै पनि देश समृद्ध हुँदैन। आजका किसान संकटमा छन्, र यदि तिनीहरूको दुःखलाई सुनुवाइ गरिएन भने आगामी वर्षहरूमा कृषिमा लाग्ने जनशक्ति नै घट्ने खतरा देखिएको छ।

# इन्जिनियरिङ अध्ययनमा अनिवार्य इन्टर्नसिप



रविभूषण झा

नेपालमा इन्जिनियरिङ शिक्षालाई व्यावहारिक बनाउने उद्देश्यले त्रिभुवन विश्वविद्यालय लगायत अन्य शैक्षिक संस्थाले हालै इन्टर्नसिपलाई पाठ्यक्रममै अनिवार्य रूपमा समावेश गर्न थालेका छन्। पहिले आंशिक रूपमा मात्र लागु भएको यो अभ्यास अहिले अधिकांश विश्वविद्यालयमा बाध्यकारी बनेको छ। विशेषतः आर्किटेक्चर शिक्षामा जस्तै दीर्घकालीन अभ्यासको अनुभव पछ्याउँदै इन्जिनियरिङ शिक्षामा पनि व्यावहारिक ज्ञानलाई जोड दिने पहल गरिएको हो। यो सकारात्मक देखिने नीति व्यवहारमा जाँदा अनेकौं संरचनागत चुनौती, व्यवस्थापकीय कमजोरी तथा नीतिगत अस्पष्टता देखिन्छ। विश्वका अन्य मुलुकको अनुभवसँग तुलना गर्दा नेपालले के सिक्न सक्छ ? सुधारका कस्ता बाटा छन् ? यो लेखमा यिनै पक्षको विश्लेषण गरिएको छ। नेपालमा इन्जिनियर उत्पादन गर्ने संस्थाहरूको संख्या तीव्र गतिमा बढेको छ तर यिनको नियमन, गुणस्तर र उत्पादनपछि व्यवस्थापन गर्ने राज्यको सोच भने कमजोर छ। राज्यले श्रम बजारको मागको अध्ययन नगरीकन उत्पादनको अनुमति दिएको छ। आजका मितिसम्म नेपालमा उपलब्ध रोजगारीको तुलनामा ५ देखि १० गुणाभन्दा बढी इन्जिनियर उत्पादन भइरहेका छन्। उत्पादनको गुणस्तर सुनिश्चित गर्न कुनै समन्वयात्मक संयन्त्र छैन, न त उनीहरूको दक्षता मूल्याङ्कन गर्ने स्पष्ट मानक नै छ। यो अवस्था भारतमा सन् २००० देखि २०१० को अवधिमा देखिएको थियो, त्यहाँ निजी इन्जिनियरिङ कलेजहरूको बाढी आएपछि 'एआईसीटीई' (अल इन्डिया काउन्सिल फर टेक्निकल एजुकेसन)ले धेरै कलेज बन्द गर्न बाध्य भयो र उद्योग शिक्षा समन्वयमा केन्द्रित नीति ल्यायो।

नेपालका अधिकांश विश्वविद्यालयले इन्टर्नसिप व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गरेका छैनन्। 'करिअर सपोर्ट युनिट' वा 'प्लेसमेन्ट सेल'जस्ता संयन्त्रको अभाव छ, जसले गर्दा विद्यार्थी आफैंले कम्पनी खोज्नुपर्ने बाध्यता छ। यो अवस्था ग्रामीण क्षेत्रका विद्यार्थीका लागि झनै चुनौतीपूर्ण हुन्छ।

त्यस्तै हाम्रो पाठ्यक्रम स्वयं पनि सैद्धान्तिक छ, उद्योगको माग अनुसार अद्यावधिक गरिएको छैन। व्यावहारिक शिक्षण विधिको प्रयोग नगर्ने प्रवृत्ति अझै कायम छ।

भियतनामले सन् २०१० पछिदेखि अपनाएको 'सीडीआईओ फ्रेमवर्क' (कन्सिभ, डिजाइन्, इम्प्लेमेन्ट, अपरेट) मार्फत शिक्षालाई व्यावहारिक बनाउँदै पाठ्यक्रम, शिक्षण शैली र इन्टर्नसिप तीनै पक्षमा सुधार ल्याएको उदाहरण यहाँ सान्दर्भिक छ।इन्टर्नसिपको सफल कार्यान्वयनका लागि शिक्षालय र उद्योगबिच बलियो सहकार्य अपरिहार्य हुन्छ। नेपालमा भने कम्पनीहरूले इन्टर्न राख्ने नीति बनाएका छैनन्। विश्वविद्यालयसँग उद्योग समन्वय गर्ने संयन्त्र छैन, न त इन्टर्नसिप मूल्याङ्कन गर्ने स्पष्ट गाइडलाइन नै छ।

इन्डोनेसियाको 'ड्युल सिस्टम'मा विद्यार्थीले ३० प्रतिशत समय उद्योगमा बिताउँछन् र त्यस आधारमा ग्रेडिङ हुन्छ। घानामा 'इन्डस्ट्री प्लेसमेन्ट बोर्ड' बनाएर त्रिपक्षीय सम्झौता गरिन्छ। यस्ता अभ्यासले इन्टर्नसिपलाई व्यावहारिक, जिम्मेवार र परिणाममुखी बनाउँछ।

नेपालमा धेरै विद्यार्थी र अभिभावक इन्टर्नसिपको महत्त्वप्रति सजग छैनन्। विद्यार्थीहरूले यसलाई अनावश्यक बोझ ठान्छन् भने अभिभावकहरूले यसको दीर्घकालीन महत्त्व बुझ्दैनन्।

योसँगै पारिश्रमिकको अभाव, यातायात र आवासको समस्या, आर्थिक रूपमा कमजोर पृष्ठभूमिका विद्यार्थीहरूको पहुँचमा कमी– यी सबैले इन्टर्नसिपलाई समावेशी र प्रभावकारी बनाउन अवरोध सिर्जना गर्छन्।

बङ्गलादेशले 'नेसनल स्किल्स डेभलपमेन्ट स्ट्राटेजी'मार्फत इन्टर्नसिपलाई प्रोत्साहित गर्ने नीति, अनुदान र विश्वविद्यालयहरूको जिम्मेवारी निर्धारण गरेको छ। नेपालको शैक्षिक प्रणालीमा 'कागज मिल्यो भने पुग्यो' भन्ने सोच गहिरोसँग बसेको छ। यही सोच इन्टर्नसिपमा पनि सर्दै छ। जस कारण विद्यार्थीले चिनजानको कार्यालयमा दुई दिन बसेर महिनौंको रिपोर्ट लेख्ने सम्भावना बढ्नेछ। फोटो, दस्तखत र औपचारिकतामा मात्रै आधारित 'प्रोक्सी इन्टर्नसिप'को बाढी आउन सक्छ।

वास्तविक कार्य अनुभव नहुने तर प्रमाणपत्र हुने यस्तो अभ्यासले दक्ष जनशक्ति उत्पादन होइन, भ्रामक आत्मविश्वास जन्माउनेछ। यस्ता गतिविधिलाई समयमै रोकिएन भने भविष्यमा इन्टर्नसिप गरेकाहरूमध्ये कसले साँच्चै काम गरेको भनी छुट्याउन आयोग नै गठन गर्नुपर्ने अवस्था आउन सक्छ।

यस्तो गम्भीर चुनौतीबिच पनि इन्टर्नसिप प्रणाली सुधार गर्ने केही यथार्थपरक उपाय यस्ता छन्।

यसका लागि विश्वविद्यालयले 'इन्डस्ट्री पार्टनरसिप सेल' स्थापना गर्न सक्छ। सरकारबाट राष्ट्रिय इन्टर्नसिप नीति र निर्देशिका बनाउन सकिन्छ। कम्पनीहरूलाई प्रशिक्षार्थी लिन प्रोत्साहन गर्न 'ट्याक्स इन्सेन्टिभ्स्' उपलब्ध गराउन सकिन्छ। इन्टर्नसिप अघि 'सफ्ट स्किल्स वा रिपोर्टिङ' तालिम अनिवार्य गर्न सकिन्छ। प्रभावकारी 'मनिटरिङ एन्ड एभालुएसन' प्रणाली निर्माण गर्न सकिन्छ।

*निष्कर्ष*

नेपालमा इन्जिनियरिङ इन्टर्नसिपलाई अनिवार्य बनाउनु शिक्षा क्षेत्रको बहुप्रतीक्षित सुधारको एक हिस्सा हो, तर योजनाविहीन कार्यान्वयन, संरचनागत कमजोरी र राज्यको असंवेदनशीलताले यो प्रणालीलाई असरहीन औपचारिकता बनाउने खतरा छ।

अन्य देशहरूबाट सिक्दै नेपालले अब 'कति उत्पादन गर्‍यौं ?' होइन 'कस्तो उत्पादन गर्‍यौं ?'मा केन्द्रित हुनुपर्छ। इन्टर्नसिपलाई केवल पाठ्यक्रमको हिस्सा होइन राष्ट्रिय शिक्षा र श्रम नीतिको कडीका रूपमा लिइनुपर्छ।

हामीले अब इन्टर्नसिपलाई व्यावहारिक, पारदर्शी र उद्देश्यपरक बनाउने संरचना तयार गरेनौं भने यो प्रणाली पनि नाम मात्रको अभ्यास बन्नेछ अनि त्यो अवस्था शिक्षा, श्रम र राष्ट्र दुवैका लागि नकारात्मक सन्देश हुनेछ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# के संसारभर एकसाथ इन्टरनेट बन्द हुनसक्छ ?

इन्टरनेट आजको समयमा संसारभर अधिकांश मानिसहरूको दैनिक जीवनको अभिन्न हिस्सा भइसकेको छ ।

अनलाइन पढाइदेखि आम्दानी, किनमेल, बैंकिङ, मनोरञ्जन तथा समाचारसम्मका सबै सेवाहरू हाम्रो दैनिक जीवनमा समावेश छन्। र, यी सबै अनलाइन सेवाहरूको केन्द्रबिन्दु इन्टरनेट हो। अर्थात् इन्टरनेट नभए हाम्रो जीवनका उल्लिखित सबै क्रियाकलापहरु ठप्प बनिदिन्छन् ।




के तपाईं यस्तो दिनको कल्पना गर्न सक्नुहुन्छ कि जहाँ विश्वभर नै इन्टरनेट बन्द छ । वास्तवमा यसको कल्पना गर्नु मात्रै पनि धेरै मानिसहरूका लागि त्रासदीपूर्ण हुनसक्छ । तथापि के यस्तो हुन सम्भव छ त भन्ने प्रश्न स्वभाविक छ । यसको सरल उत्तर के हो भने दुनियाँभर एकसाथ इन्टरनेट बन्द हुने सम्भावना कम छ, तर असम्भव भने होइन । आखिर विश्वमा के कारणले इन्टरनेट अबरुद्ध हुन सक्छ ?

***विश्वव्यापी साइबर आक्रमण***

साइबर आक्रमणकारीले यदि कुनै दिन यस्तो भयानक योजना बनाएर साइबर हमला गरे जसले रुट सर्भरहरू, म्ल्क सिस्टम वा इन्टरनेट एक्सचेन्ज प्वाइन्ट जस्ता इन्टरनेटको मुख्य संरचनाहरू नै नष्ट गरिदियो भने त्यस अवस्थामा संसारभर इन्टरनेट सेवा नै बन्द हुन सक्छ।

उदाहरणका रुपमा सन् २०१६ मा भएको म्थल म्म्यक साइबर आक्रमणका कारण एक्स, नेटफ्लिक्स तथा रेडिटजस्ता सोसल मिडिया साइटहरु कैयौं घण्टासम्म ठप्प भएका थिए।

***सौर्य आँधी वा खगोलीय घटना***

सूर्यबाट निस्कने सोलार स्ट्रोम अर्थात सौर्य आँधीका कारण पृथ्वीको चुम्बकीय क्षेत्र तथा दूरसञ्चार लगायतका प्राविधिक उपकरण र सञ्जालमा गम्भीर असर पर्न सक्छ।

कतिपय अवस्थामा स्टारलिंकका स्याटेलाइटहरू यस्तो घटनाबाट प्रभावित भएका छन् । तर, यो असर केवल स्याटेलाइटहरूमा मात्र सीमित हुँदैन । यदि सौर्य आँधी धेरै ठूलो भयो भने, सञ्चार नेटवर्कहरू समेत अवरुद्ध हुन सक्छन् ।

त्यसैगरी, संसारभर इन्टरनेट पुऱ्याउने मुख्य आधार समुद्रमुनि बिछ्याइएका केबलहरू हुन् । यदि कुनै कारणले ती केबलहरूमा क्षति पुग्यो वा गडबडी आयो भने इन्टरनेट सेवा प्रभावित हुन्छ ।

अनुसन्धानकर्ताहरूको भनाइअनुसार, यदि सन् १८५९ मा भएको क्यारिंगटन घटनाजस्तै घटना दोहोरियो भने केही समयका लागि संसारभर इन्टरनेट पूरै बन्द हुन सक्छ।

***विश्व युद्ध पनि एक कारण बन्न सक्छ***

यदि विश्वमा तेस्रो विश्व युद्ध जस्तो आम विश्वव्यापी युद्ध भयो भने त्यसले पनि संसारभरको इन्टरनेट सेवा प्रभावित गर्न सक्छ । यस्तो अवस्था हामीले युक्रेन र रुसको युद्धमा देखिसकेका छौं, जहाँ युक्रेनको सञ्चार संरचना ध्वस्त हुँदा इन्टरनेट सेवा ठप्प भएको थियो। पछि स्टारलिंक स्याटेलाइटहरूको मद्दतले त्यहाँ इन्टरनेट सेवा सुचारु गरिएको थियो।

यसका अलावा, यदि कुनै यस्तो सेवा बन्द भयो जसमा धेरै अन्य सेवाहरू निर्भर छन् भने त्यसले पनि ठूलो असर पार्न सक्छ । यस्तो घटना सन् २०२४ मा क्लाउडफेयर सर्भिसमा देखिएको थियो । जसको कारण संसारभर वायुसेवा तथा बैंकिङ सेवाहरू प्रभावित भएका थिए। केही सेवाहरू त धेरै दिनपछि मात्र सुरु हुन सके ।

***के साँच्चै संसारभर इन्टरनेट बन्द हुन सक्छ ?***

वास्तवमा पूरै विश्वभर नै एकसाथ इन्टरनेट ठप्प हुने कुरा अलिक असम्भव हुनसक्छ। तर असम्भव भने होइन ।

इन्टरनेट एउटा विकेन्द्रित प्रणाली हो, जसको नियन्त्रण कुनै एक देशसँग मात्रै छैन। तर, केही यस्ता परिस्थिति हुन सक्छन्, जसमा कुनै निश्चित क्षेत्रको इन्टरनेट सेवा केही समयका लागि बन्द हुन सक्छ। यसको सानो उदाहरण हामीले कहिलेकाहीं कुनै निश्चित क्षेत्रमा इन्टरनेट सेवा बन्द हुँदा देख्न सक्छौं ।

# नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न चीनमा रहेका नेपालीलाई मन्त्री खड्काको आग्रह



काठमाडौँ, १५ असार । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न चीनमा रहेका नेपाली समुदायलाई आग्रह गर्नुभएको छ । चीनको भ्रमणमा रहनुभएका मन्त्री खड्काले आज बेइजिङमा आयोजित ट्रेड फेस्टको अवलोकनका क्रममा लगानी सुरक्षाको जिम्मा सरकारले लिने भएकाले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभएको हो । “नेपाल जलस्रोतको अपार सम्भावना बोकेको मुलुक भएकाले ऊर्जा क्षेत्रमार्फत आर्थिक समृद्धि हासिल गर्न सकिन्छ, जो जहाँ भए पनि नेपालीको माया नेपालमै हुन्छ, सरकारले लगानीको वातावरण निर्माण गरिसकेको छ, हामी सबै मिलेर देशको विकासमा जुट्नुपर्छ”, मन्त्री खड्काले भन्नुभयो ।

सरकारले सन् २०३५ सम्ममा २८ हजार पाँच सय मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य राखेको र सोमध्ये १५ हजार मेगावाटभन्दा बढी बिजुली भारतलगायत तेस्रो मुलुकमा निर्यात गरिने सुनिश्चित भइसकेको उहाँले बताउनुभयो । हाल नेपालले बङ्गलादेशलाई ४० मेगावाट विद्युत् बिक्री गरिरहेको र आगामी वर्षमा सो परिमाण बढाउने मन्त्री खड्काको भनाइ थियो । संसद्मा छलफलका क्रममा रहेको जलस्रोत तथा विद्युत् विधेयक चाँडै पारित गराउने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री खड्काले नीतिगत अस्पष्टता हटाएर लगानीमैत्री वातावरण सिर्जना गर्न लागिएको बताउनुभयो । ऊर्जा विकास मार्गचित्र-२०८१ सार्वजनिक गरेर मुलुकको विकासका लागि सरकार स्पष्ट नीति र कार्ययोजनासहित अघि बढिरहेको उहाँको भनाइ थियो ।

भेटका क्रममा चीनमा रहेका नेपाली समुदायले विगतका अनुभवलाई स्मरण गर्दै सरकारले लगानी सुरक्षालाई प्राथमिकता दिनुपर्ने बताएका थिए । मन्त्री खड्काले नेपाल ऊर्जा क्षेत्रमा भएका दीर्घकालीन योजनाका कारण छिट्टै आर्थिक समृद्धितर्फ अघि बढ्ने भन्दै लगानी गर्न आह्वान गर्नुभयो । रासस

# मेटाले ल्याउँदैछ नयाँ स्मार्ट चस्मा, यी हुनेछन् फिचर्स

फेसबुकको मातृ कम्पनी मेटाले नयाँ स्मार्ट चस्मा बजारमा ल्याउने तयारी गरेको छ। यसपटकको नयाँ स्मार्ट चस्माका लागि मेटाले प्रसिद्ध चस्मा निर्माता कम्पनी ओकलीसँग साझेदारी गरेको हो। यस साझेदारी अन्तर्गतको पहिलो प्रडक्ट आगामी जून २० गते सार्वजनिक हुने बताइएको छ।




सोही तयारीस्वरुप इन्स्टाग्राममा @oakleymeta नामक नयाँ अकाउन्ट खोलिएको छ र त्यसबाट नयाँ चस्माको बारेमा टीजर भिडियो सार्वजनिक गरिएको छ । उक्त भिडियोमा मेटा र ओकली दुबैको लोगो देखिन्छ । उक्त भिडियोको अन्त्यमा २० जून लेखिएको छ। मेटाले उक्त भिडियोलाई पुन: शेयर गर्दै ओकलीसँगको सहकार्यबाट स्मार्ट चस्मा ल्याउने कुराको पुष्टि गरेको छ।

***रेबनपछि ओकली : मेटाको दोश्रो ठूलो साझेदारी***

स्मरण रहोस् यसअघि मेटाले चस्मा निर्माता कम्पनी रेबनसँग मिलेर स्मार्ट चस्मा बजारमा ल्याएको थियो । मेटाको उक्त चस्मा प्रयोगकर्ताबीच लोकप्रिय छ । अब ओकलीसँगको सहकार्यले प्रविधिमा रुचि राख्ने चस्मा प्रयोगकर्ताहरुलाई थप नयाँ विकल्प दिने विश्वास गरिएको छ ।

ओकली र रेबन दुबैको मातृ कम्पनी भ्ककर्षयिचीगहयततष्अब हो । यसले मेटालाई स्मार्ट चस्माको प्रिमियम डिजाइन र हार्डवेयरमा सहयोग उपलब्ध गराउनेछ ।

***खेलकुद र एडभेन्चर लक्षित : ओकलीको क्उजबभचब डिजाइन***

प्राप्त जानकारी अनुसार, मेटाको नयाँ स्मार्ट चस्मामा ओकलीको क्उजबभचब डिजाइन देख्न सकिन्छ। यो डिजाइनमा सामान्यतया अगाडिको मध्य भागमा क्यामेरा लेन्स रहनेछ। जसका कारण मेटाको यो नयाँ स्मार्ट चस्मा पुरानो मेटा-रेबन स्मार्ट चस्माभन्दा फरक हुनेछ ।

यो चस्मा खासगरी साइकलयात्री, मोटरसाइकल चालक तथा खेलाडीहरुको आवश्यकतालाई ध्यानमा राखी तयार पारिएको हुनसक्छ। मेटाको यो नयाँ स्मार्ट चस्माले गो प्रोजस्ता एक्शन क्यामेरालाई टक्कर दिने अनुमान गरिएको छ।

***नयाँ स्मार्ट चस्माका विशेषताहरू***

- समाचार अनुसार मेटाको नयाँ स्मार्ट चस्माका मुख्य विशेषता यी हुनेछन्
- स्मार्ट ग्लासमा फ्रन्ट क्यामेरा रहने
- रेकर्डिङ क्षमता हुनुका साथै ह्यान्ड्स-फ्री भिडियो फिचर स्टाइलिश र स्पोर्टी डिजाइन
- मेटाका एआई र अग्मेन्टेड रियालिटी फिचर्स को एकीकरण ब्लुटूथ/इन्टरनेट कनेक्टिभिटी सहितका स्मार्ट फिचर्स

विश्लेषकहरुका अनुसार मेटा र ओकलीको यो सहकार्य खेल प्रविधिका साथै शरीरमा लगाउने स्मार्ट उपकरण (स्पोर्ट्स टेक र स्मार्ट वेयरेबल्स) को क्षेत्रमा महत्वपूर्ण कदम हो । यसले स्मार्ट चस्मा प्रयोगकर्ताहरूका लागि नयाँ सम्भावनाहरू खोल्ने अपेक्षा गरिएको छ।

## सीमा सम्बन्धी......

विचार व्यक्त गरे। साथै, जातीय विभाजनलाई पश्चिमा शक्तिहरूको षड्यन्त्रको रूपमा उल्लेख गरे।

लुम्बिनी प्रदेश सांसद कन्हैया बानियाँले सीमामा तारबारको माग केही युवाहरूको भावना भएको जनाउँदै, अधिकांश जनता खुला सीमाप्रति सकारात्मक रहेको बताए। साथै, सीमावासी नागरिकलाई विशेष सुरक्षा, परिचयपत्र, शिक्षा, रोजगारी र आपतकालीन राहतको व्यवस्था गर्नुपर्ने धारणा राखे।

कार्यक्रम संवाद समूहका रुपन्देही अध्यक्ष प्रशान्त गुप्ताको अध्यक्षतामा सम्पन्न भएको थियो। अध्यक्षीय मन्तव्यमा गुप्ताले नेपाल-भारतबीचको सांस्कृतिक र पारिवारिक सम्बन्धलाई संस्थागत रूपमा बलियो बनाउँदै खुला सीमाको दीर्घकालीन व्यवस्थापनमा जोड दिए।

जनमत पार्टीका नेता भुपेन्द्र यादवले मधेशी समुदायले अपेक्षित सहयोग भारतबाट नपाएको गुनासो गरे। यता, नेपाल-भारत दलित मैत्री संघका अध्यक्ष ओमप्रकाश विश्वकर्माले भारतले सधैं नेपालका लागि सहयोगी मित्रको भूमिका निभाउँदै आएको धारणा राखे।

नेपाल-भारत मैत्री संघका पूर्वअध्यक्ष मुरारीलाल अग्रवालले भारतले नेपालका लागि आफ्नै बजेटबाट पनि सहयोग गर्ने परम्परा कायम राखेको बताए। गोपाल सेवा समितिका अध्यक्ष भरथरी यादवले खुला सीमाले व्यापार, रोजगारी, सस्तो बजार, स्वास्थ्य सेवा र पारिवारिक भेटघाट सहज बनाएको अनुभव सुनाए।

कार्यक्रममा आनन्द प्रसाद गुप्ता, मोहित कुमार द्विवेदी, दिलिप हरिजन, मनोज कुमार अग्रहरी, दुर्गेश यादव, दीपेन्द्र मौर्य, बिपी शर्मा, पंकज पाठक, अर्जुन कुर्मी, महेश गुप्ता, अजय सिंह क्षेत्री, नवीन खत्री, विकास सहनी, दिलबहादुर चौधरी, उर्मिला यादव लगायतको उल्लेखनीय उपस्थिति थियो।

## हुलाकी.......

नगरिएकाले धुलो उड्ने समस्या भएको हो।”

उनका अनुसार असार महिनामा स्थानीय तह तथा प्रदेश सरकारका योजनामा कामदार खटिएकाले कामदारको अभाव निर्माण व्यवसायीले महसुस गरिरहेका छन्। “तर काम नगरे पनि धुलो नियन्त्रण गर्न ठेकेदारले नियमित पानी हाल्नुपर्थ्यो, त्यो नगर्नु कमजोरी हो,” रायले स्पष्ट पारे।

उनले साउन महिनापछि काम तीव्र बनाउने आश्वासन ठेकेदारबाट प्राप्त भएको बताए। स्थानीय प्रशासनको पहलमा चक्काजाम खुलाइएको छ भने निर्माण व्यवसायीलाई दवाव दिन प्रहरीले समन्वय गर्ने प्रतिबद्धता जनाएको छ।

# बालकको मृत्यु पछि सिरहा अस्पतालमा तनाव, १० जना घाइते



दैनिक समाचारदाता
सिरहा, १५ असार । प्रादेशिक अस्पताल सिरहामा चिकित्सकहरुको लापरबाहीले बालकको मृत्यु भएको भन्दै आफन्तजन र प्रहरीले अस्पतालमा तोडफोडको प्रयास गरेका छन् । त्यसक्रममा प्रहरी र बिरामीको समूहबीच झडप हुँदा ९ प्रहरीसहित १० जना घाइते भएका छन् ।

प्रहरीका अनुसार, दुई दिनदेखि निरन्तर ज्वारो आएपछि आइतबार बिहान अस्पताल भर्ना भएका सिरहा नगरपालिका-६ बसविट्टाका झल्लु महराका छोरा १० वर्षीय राजन महराको साँझ ५ बजेतिर मृत्यु भएको थियो ।

राजनलाई अस्पताल ल्याउँदा दूध र बिस्कुट खुवाएर ल्याएको तर, चिकित्सकले सुई लगाउने वित्तिकै चिच्याउँदै बालकको मृत्यु भएको ठूलीआमा सोभा महराले बताइन् । त्यसपछि चिकित्सक बेवास्ताले मृत्यु भएको भन्दै परिवार तथा स्थानीयवासी आक्रोशित भएका थिए ।

सिरहाका प्रहरी प्रवक्ता डिएसपी विरेन्द्रकुमार पासवानका अनुसार, झडप नियन्त्रणमा लिन एक सेल अश्रुग्यास प्रहार गरिएको छ । आफन्तजनले प्रदर्शन गर्दै दोषी चिकित्सक र अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सोहेन्द्र प्रसाद यादवमाथि कारबाहीको माग गरेका छन् ।

# संघीय लोकतान्त्रिक मोर्चाले तराई मधेशभरि सभा गर्ने

दैनिक समाचारदाता
जनकपुरधाम, १५ असार । संघीय लोकतान्त्रिक मोर्चाले मोर्चाको उद्देश्य, औचित्य र आवश्यकता बारे सर्वसाधारणलाई जानकारी गराउन र राजधानी काठमाडौ सहित तराई मधेशको विभिन्न ६ स्थानमा सभा गर्ने निर्णय गरेको छ।

नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम लाल चौधरीको अध्यक्षतामा आज काठमाण्डौमा बसेको संघीय लोकतान्त्रिक मोर्चाको बैठकले साउन १७ गते काठमाडौ, साउन २१ गते भैरहवा, सायन २३ गते कैलाली , भदौ १६ गते विराटनगर , भदौ १८ गते जनकपुर र भदौ २० गते विरगंजमा सभा गर्ने निर्णय गरेको हो ।

गठनको लामो समय पछि लय समात्न थालेको मोर्चाले मोर्चाको कार्यविधी २०८२ पारित गर्दै आजैको मिति बाट लागु हुने निर्णय समेत गरेको छ । बैठकमा रुपन्देही निर्वाचन क्षेत्र नं. ३को उपनिर्वाचन सम्बन्धमा



समेत छलफल भएको तर निर्णय हुन नसकेको बैठकमा सहभागी केशब झाले जनाएका छन ।

आजको बैठकमा जसपा नेपालको तर्फ बाट राजकिशोर यादव, रामकुमार शर्मा, मनिष सुमन, लोसपा बाट महन्थ ठाकुर , सर्वेन्द्र नाथ शुक्ला, लक्ष्मणलाल कर्ण, नागरिक उन्मुक्ति पार्टी बाट लालबिर चौधरी, अरुण चौधरी, राष्ट्रिय मुक्ति पार्टी बाट राजेन्द्र महतो, केशव झा, अनिल महासेठ, जनमुक्ति पार्टी बाट अब्दुल खान, जनता प्रगतिशिल पार्टी बाट हृदयेश त्रिपाठी, शिवजी यादव, साबिर हुसेन, तमलोपा बाट वृषेशचन्द्र लाल, बज्रकिशोर सिंह सहितको उपस्थिति रहेको थियो ।

# प्रभु साहले रोष्ट्रममै च्याते निजामती सेवाविधेयक

दैनिक समाचारदाता
काठमाडौं, १५ असार । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले निजामती सेवा विधेयक रोष्ट्रममै च्यातेकाछन् ।

आइतबार प्रतिनिधिसभाको बैठकमा विधेयकमाथि छलफलमा भाग लिँदै विधेयक स्वीकार गर्न नसक्ने बताउँदै रोष्ट्रममै विधेयक च्यातेकाहुन् ।

प्रभु साहले भने, 'गरिबलाई रूवाउने विधेयकहामीलाई स्वीकार्य छैन। यो नेपालीजनताले कुनै पनिहालतमा स्वीकार्ने छैन। यस्तो अपराधिककामको साक्षी म बन्न सक्दिनँ। सांसदहरूले पनिनबन्नआग्रहगर्दछु। यस्तो चिरहरण, भविष्यमाथि कत्लेआम गर्ने साक्षी हुन नसक्ने व्यहोरा अनुरोधगर्दै आजको यो बैठक बहिष्कार गर्दै यसलाई स्वीकार गर्न सकिन, म च्यात्छु ।'

उक्त विधेयक गरिबमारा रहेको कारण स्वीकार्य नरहेको र आफूले बैठक पनिबहिष्कार गरेको बताए ।

यस्तै उनले निजामती विधेयकपारित भएमादेशमाआगो बल्ने पनिबताए।उनले आफू यो विधेयकपारित गर्ने मतियार हुननसक्ने पनिबताए।

उनले भने, 'यो गरिबमारा निजामती विधेयक पारित भयो भने देशमा आगो बल्छ। गरिबको भविष्यलाई कत्ले आम गर्नेगरी आएको यो विधेयक हामीलाई स्वीकार्य छैन।यदी यो आजपारित भयो भने यो कालो दिनहुनेछ ।'

# एसइई नतिजा सुधारका लागि सबै विकल्प अपनाऔं: प्रधानमन्त्री




दैनिक समाचारदाता
काठमाडौँ, १५ असार । प्रधानमन्त्री केपी शर्मा ओलीले यसपालिको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा निकै उत्साहजनक आएको बताउनुभएको छ ।

प्रधानमन्त्री ओलीले आज श्रव्यदृश्य सन्देश जारी गर्दै नतिजा सुधारका लागि सबै विकल्प अपनाएको बताउनुभयो । उहाँले आफूले दृढ विश्वासका साथ संसद्मै यस वर्षको एसइई नतिजा सुधार्ने प्रतिबद्धता व्यक्त गरेको र सोही अनुसार सुधारका लागि सम्पूर्ण विकल्प अपनाएको बताउनुभयो । यस वर्ष करिब ६१.८१ प्रतिशत परीक्षार्थी उत्तिर्ण भएकामा खुसी व्यक्त गर्दै प्रधानमन्त्री ओलीले सबैलाई बधाई दिनुभएको छ । उहाँले गत वर्षको निराशाजनक नतिजाले सबैलाई चिन्तित तुल्याएको उल्लेख गर्दै नतिजा सुधार्न हरकुनाका विद्यार्थीसँग सिधै जोडिएर काम गरेको बताउनुभयो ।

"गत वर्षको निराशाजनक नतिजाले हामी सबैलाई चिन्तित तुल्याएको थियो । परिमाण हेर्दा अनुत्तीर्ण हुनेमा प्राय: जसो दुर्गम क्षेत्रका विद्यार्थी रहेका पायौँ । हुन त चुनौती थुप्रै थिए । समय थोरै थियो । गाउँगाउँका विद्यार्थीसँग पुग्नु थियो," प्रधानमन्त्री ओलीले श्रव्यदृश्य सन्देशमा भन्नुभएको छ, "कसैगरी हरविद्यार्थीसँग उत्कृष्ट शिक्षा सामग्रीसहित हौसला पुर्‍याउनु थियो तर चुनौती छन् भनेर उम्किने छुट हामीलाई थिएन । त्यसैले दृढ विश्वासका साथ संसद्मै यस वर्षको एसइई नतिजा सुधार्ने प्रतिबद्धता व्यक्त गरेको थिए । र सुधारका लागि सम्पूर्ण विकल्पहरु अपनायौँ ।"

एसइईको परीक्षा सुधार गर्ने अभियान गाउँगाउँका विद्यार्थी भौतिक कक्षाका साथै मोबाइल पढ्न थालेका प्रधानमन्त्री ओलीले बताउनुभयो । उहाँले भौतिक कक्षा र मोबाइलबाहेक मार्गदर्शनको आवश्यकता रहेका विद्यार्थीलाई करिब २०० भन्दा शिक्षकशिक्षिकामार्फत नियमित 'अनलाइन' कक्षासमेत दिइएको जानकारी दिनुभयो ।

"इन्टरनेट नभएको ठाउँमा नेपाल टेलिकमले निःशुल्क डाटाको व्यवस्था गर्‍यो । म आफैँले विद्यार्थीसँग प्रत्यक्ष संवाद गरेर हौसला दिए । जसले गर्दा छोटो समयमा नै एक लाख ५० हजार विद्यार्थी हाम्रो यस अभियानबाट लाभान्वित भए," प्रधानमन्त्री ओलीले भन्नुभएको छ, "तर हाम्रो यी सारा प्रयास हुँदाहुँदै पनि यदि विद्यार्थीको मिहेनत नभएको भए यस वर्षको नतिजामा सुधार हुने थिएन ।"

प्रधानमन्त्री ओलीले परीक्षामा सफलता पाउन नसकेका विद्यार्थीलाई यसैलाई जीवनको अन्तिम परीक्षा नठान्नसमेत आग्रह गर्नुभयो । उहाँले श्रव्यदृश्य सन्देशमा सरकारले एसइई परीक्षा सुधार्न गर्न थालेको अभियान मौका परीक्षा दिने विद्यार्थी र आगामी वर्ष एसइई दिने विद्यार्थी सबैका लागि जारी रहेको भन्दै यसबाट लाभ उठाउन आग्रह गर्नुभयो ।

# 'प्रहरीको सरुवा र बढुवा प्रणालीलाई ऐनमार्फत व्यवस्थित गर्नुपर्छ'

दैनिक समाचारदाता
काठमाडौँ, १५ असार । प्रतिनिधिसभाका सांसदहरुले प्रहरी सङ्गठनलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने विषयलाई कानुनमै व्यवस्था गर्नुपर्नेमा जोड दिएका छन् ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकमा 'नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्ने बनेको विधेयक' माथि संशोधन प्रस्ताव दर्ता गराउनुहुने सांसदसँगको छलफलका क्रममा सांसद विमला सुवेदीले म्यादी प्रहरीसम्बन्धी व्यवस्थालाई प्रहरी ऐनमै समावेश गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद शेरबहादुर कुँवरले प्रहरी ऐनमार्फत प्रहरी सेवालाई भरपर्दो, विश्वासनीय, जनताप्रति उत्तरदायी र व्यावहारिक बनाउनुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "प्रहरी सङ्गठनमाथि भइरहेको राजनीतिक हस्तक्षेप बन्द गर्ने गरी प्रहरी ऐन बनाउनुपर्छ, सरुवा र बढुवा प्रणालीलाई थप व्यवस्थित गर्नुपर्छ ।"

सांसद प्रकाश ज्वालाले प्रहरी ऐनमा प्रहरीको कार्य व्यवस्था र क्षेत्राअधिकार प्रष्ट रुपमा किटान गरेर लेख्नुपर्ने बताउनुभयो ।

सांसद विराजभक्त श्रेष्ठले ट्राफिक प्रहरीलाई थप व्यवस्थित गर्ने गरी प्रहरी ऐन बनाउनुपर्ने धारण राख्नुभयो । प्रहरी सङ्गठनलाई प्रविधिमैत्री बनाउनुपर्ने उहाँको भनाइ छ ।

सांसद सूर्य थापाले प्रहरीको बढुवा ज्येष्ठताको आधारमा हुनुपर्ने बताउनुभयो । राज्य व्यवस्था समितिमा छलफलको क्रममा रहेको प्रहरी विधेयकमा प्रहरीको कर्तव्य र अधिकार, सेवाको गठन, प्रशासन र सञ्चालन, प्रहरी महानिरीक्षकको नियुक्ति, काम, नेपाल प्रहरी सेवाको पदपूर्ति, सरुवा र काज, बढुवा, तलब, भत्ता तथा अन्य सुविधा, अवकाश, उपदान तथा निवृत्तीभरण, आचरण र विभागीय सजाय तथा पुनरावेदन समावेश गरिएको छ । सो विधेयकमा ७४ जना सांसदहरुले संशोधन राख्नुभएको छ ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, २४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३२४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४